खोटेहाङ गाउँपालिका

# विनियोजन ऐन, २०७७

गाउँसभा बाट स्वीकृत मिति : २०७७/०३/१३

खोटेहाङ गाउँपालिका
खोटाङ जिल्ला
१ नं प्रदेश

## विनियोजन ऐन,२०७७

खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि स्थानीय सञ्चित कोषबाट केही रकम खर्च गर्ने र विनियोजन गर्ने सम्बन्धमा व्यवस्था गर्न बनेको ऐन

**प्रस्तावना :** खोटेहाङ गाउँपालिका, खोटाङको आर्थिक बर्ष २०७७।०७८ को सेवा र कार्यहरुको लागि सञ्चित कोषबाट केही रकम खर्च गर्ने अधिकार दिन र सो रकम विनियोजन गर्न वाञ्छनीय भएकोले, नेपालको संविधानको धारा २२९ को उप-धारा (२) बमोजिम खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ सभाले यो ऐन बनाएको छ ।

**१. संक्षिप्त नाम र प्रारम्भ** :

(१) यस ऐनको नाम "खोटेहाङ गाउँपालिका, खोटाङको विनियोजन ऐन, २०७७" रहेको छ ।

(२) यो ऐन तुरुन्त प्रारम्भ हुनेछ ।

**२. आर्थिक वर्ष २०७७/०७८ को निमित्त सञ्चित कोषबाट रकम खर्च गर्ने अधिकार :**

(१)आर्थिक वर्ष २०७७।०७८ को निमित्त गाउँ कार्यपालिका, वडा समिति, विषयगत शाखाले गर्ने सेवा र कार्यहरुका निमित्त अनुसूची १ मा उल्लेखित चालू खर्च, पूँजिगत खर्च र बित्तिय व्यवस्थाको रकम समेत गरी जम्मा रकम ४१,१८,३९,७२२। (अक्षेरुपी रुपैयाँ एकचालिस करोड अठार लाख उनान्चालिस हजार सात सय बाईस) मा नबढाई निर्दिष्ट गरिए बमोजिम सञ्चित कोषबाट खर्च गर्न सकिनेछ ।

**३ . विनियोजन :**

(१) यस ऐनद्धारा सञ्चित कोषबाट खर्च गर्न अधिकार दिइएको रकम आर्थिक वर्ष २०७७।०७८ को निमित्त खोटेहाङ गाउँपालिका, खोटाङको गाउँ कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरिनेछ ।

(२) उपदफा (१) मा जुनसुकै कुरा लेखिएको भए तापनि कार्यपालिका, वडा समिति र विषयगत शाखाले गर्ने सेवा र कार्यहरुको निमित्त विनियोजन गरेको रकममध्ये कुनैमा बचत हुने र कुनैमा अपुग हुने देखिन आएमा गाउँ कार्यपालिकाले बचत हुने शीर्षकबाट नपुग हुने शीर्षकमा रकम सार्न सक्नेछ । यसरी रकम सार्दा एक शीर्षकबाट सो शीर्षकको जम्मा रकमको १० प्रतिशतमा नबढ्ने गरी कुनै एक वा एक भन्दा बढी शीर्षकहरुबाट अर्को एक वा एक भन्दा बढी शीर्षकहरुमा रकम सार्न तथा निकासा र खर्च जनाउन सकिनेछ । पूँजिगत खर्च र वित्तीय व्यवस्थातर्फ विनियोजित रकम साँवा भुक्तानी खर्च र व्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्य चालू खर्च शीर्षकतर्फ सार्न र बित्तीय व्यवस्था अ न्तर्गत साँवा भुक्तानी खर्चतर्फ बिनियोजित रकम ब्याज भुक्तानी खर्च शीर्षकमा बाहेक अन्यत्र सार्न सकिने छैन । तर चालु तथा पूँजिगत खर्च र वित्तीय व्यवस्थाको खर्च व्यहोर्न एक स्रोतबाट अर्को स्रोतमा रकम सार्न सकिनेछ । (३) उपदफा (२) मा जुनसुकै कुरा लेखिएको भए तापनि एक शीर्षकबाट सो शीर्षकको जम्मा स्वीकृत रकमको १० प्रतिशत भन्दा बढ्ने गरी कुनै एक वा एक भन्दा बढि शीर्षकहरुमा रकम सार्न परेमा गाउँ सभाको स्वीकृति लिनु पर्नेछ ।

# अनुसूची : १

नेपालको संविधानको धारा २२९ (२) बमोजिम सञ्चित कोषबाट विनियोजन हुने रकम(दफा २ संग सम्बन्धित)

खोटेहाङ गाउँपालिका

गाउँ कार्यपालिकाको कार्यालय, खोटाङबजार, खोटाङ

**आ.व. २०७७/७८ को गाउँपालिका अनुदान (वित्तिय समानिकरण र सशर्त अनुदान) तर्फको वार्षिक बजेट संसोधन सहित बाँडफाँड विवरण**

| आय तर्फ | | | व्यय तर्फ | | | |
|---|---|---|---|---|---|---|
| आय शिर्षक | | आ.व. २०७६।७७ को प्रस्तावित आय रकम | बजेट शिर्षक नं. | व्यय शिर्षक | आ.व. २०७६।७७ को प्रस्तावित व्यय रकम | खर्च स्रोत |
| **२.१.१.२ नेपाल सरकारबाट प्राप्त अनुदान** | | | | | | |
| **संघीय सरकारको अनुदान** | वित्तीय समानीकरण | ९६४००००० | २१११११ | तलव | १२५००००० | राजश्व बाँडफाँड |
| | राजस्व बाँडफाँड | ७६००७७२२ | २११३१ | स्थानीय भत्ता | २१००००० | राजश्व बाँडफाँड |
| | सशर्त अनुदान | २१८७००००० | २११३२ | महंगी भत्ता | १२००००० | राजश्व बाँडफाँड |
| | समपुरक अनुदान | ० | २११४१ | पदाधिकारी बैठक (कार्यपालिका, गाउँसभा र अन्य) | १५००००० | राजश्व बाँडफाँड |
| | विशेष अनुदान | ५०००००० | २१११२ | पदाधिकारी सेवा सुविधा | ६९१२००० | राजश्व बाँडफाँड |
| **संघीय सरकारको जम्मा अनुदान** | | **३९६१०७७२२** | २११२१ | पोशाक भत्ता | ५००००० | राजश्व बाँडफाँड |
| **प्रदेश सरकारको अनुदान** | वित्तीय समानीकरण | ६९९२००० | २२१११ | धारा पानी विजुली | ३००००० | राजश्व बाँडफाँड |
| | सवारी कर बाँडफाँड | ५४४०००० | २२११२ | सञ्चार महशुल | ७००००० | राजश्व बाँडफाँड |
| | सशर्त अनुदान | | २८१४२ | घर भाडा | ७००००० | राजश्व बाँडफाँड |
| | विशेष+समपुरक अनुदान | | २८१४९ | अन्य भाडा (गोदाम गाडी आदि) | ३००००० | राजश्व बाँडफाँड |
| **प्रदेश सरकारको जम्मा अनुदान** | | **१२४३२०००** | २२२११ | इन्धन (पदाधिकारी) | ७००००० | राजश्व बाँडफाँड |
| **आन्तरिक आम्दानी** | | ३३००००० | २२२१२ | इन्धन (कार्यालय प्रयोजन) | ५००००० | राजश्व बाँडफाँड |
| **जम्मा आन्तरिक श्रोत** | | **३३०००००** | २२२२१ | सञ्चालन तथा मर्मत संभार खर्च | ७५०००० | राजश्व बाँडफाँड |
| **गत वर्षको नगद मौज्दात** | | ० | २२२१४ | बीमा (सवारी साधन) | २००००० | राजश्व बाँडफाँड |
| **वडा कार्यालय- टेन्डर** | | ० | २२३११ | कार्यालय सामान तथा सेवा | २१००००० | राजश्व बाँडफाँड |
| **जम्मा गत वर्षको नगद मौज्दात र वडा कार्यालय टेन्डर** | | **०** | २२४१९ | अन्य सेवा शुल्क | ९५००००० | राजश्व बाँडफाँड |
| | | | २२५११ | अवकास कोष | १०००००० | राजश्व बाँडफाँड |
| | | | २२५१२ | अनुगमन मूल्यांकन | २०००००० | राजश्व बाँडफाँड |
| | | | २२५२२ | भ्रमण खर्च | ३००००० | राजश्व बाँडफाँड |
| | | | २२६११ | विविध खर्च | १७००००० | राजश्व बाँडफाँड |
| | | | २११३९ | अन्य भत्ता(शिसु स्याहार, अतिरिक्त समय भत्ता, दशैं तिहार, पालो पहरा) | २००००० | राजश्व बाँडफाँड |
| | | | २१२११ | सामाजिक सुरक्षा कोष(करार, डोर हाजिरी) | ५००००० | राजश्व बाँडफाँड |
| | | | २२७१२ | सभा सञ्चालन खर्च | २००००० | राजश्व बाँडफाँड |
| | | | २८१४३ | सवारी साधन तथा मेशिन औजार भाडा | २००००० | राजश्व बाँडफाँड |
| | | | २८९११ | भैपरी आउने चालू खर्च | १०००००० | राजश्व बाँडफाँड |
| | | | | **प्रशासनिक चालु** | **४७५६२०००.००** | |
| | | | २२५२२ | चालु कार्यक्रम | **२८४४५७२२.००** | राजश्व बाँडफाँड |
| | | | | **क. चालु जम्मा खर्च** | **७६००७७२२.००** | |
| | | | | पालिका स्तरीय | ६७३५४७४६.१६ | |
| | | | | वडा स्तरीय | ४४७७७२५३.८४ | संघिय वितिय समानिकरण |
| | | | | **ख. पूँजिगत जम्मा खर्च** | **११२१३२०००** | |
| | | | | **ग.सशर्त अनुदान** | **२१८७०००००** | |
| | | | | सशर्त अनुदान(कार्यक्रममा तोकिए बमोजिम) | २१८७००००० | |
| | | | | **ङ.विशेष अनुदान** | **५००००००** | |
| | | | | **वास्तविक कुल व्यय जम्मा** | **४११८३९७२२** | |
| **वास्तविक कुल आय जम्मा** | | ४११८३९७२२ | | | | |
| | | | | | | |

खोटेहाङ गाउँपालिकाको सम्वत् २०७७ साल आसार १३ गते बसेको गाउँसभा बैठकले नेपालको संविधानको धारा २२६ उपधारा (१) तथा स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ बमोजिम सर्वसम्मत पारित गरेकोले यो विधेयक नेपालको संविधान र स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा २१ बमोजिम प्रमाणिकरण गर्दछु ।

.........................

(प्रदिप राई)

मिति :- २०७७/०३/१३

अध्यक्ष